Generated by Foxit PDF Creator © Foxit Software
http://www.foxitsoftware.com For evaluation only.

परिवर्तनको लागि
# क्राईम अपरेशन
CRIME OPERATION
साप्ताहिक

पानीको सही सदुपयोग गरौं । पानी महसुल समयमै तिरी अनावश्यक जरिवाना बाट वचौं ।

नेपाल खानेपानी संस्थान शाखा कार्यालय देवकोटा चौक विराटनगर

❑ वर्ष ८ ❑ अंक ३९ २०७७ बैशाख २१ गते आईतवार Sunday 3, MAY, 2020 ❑ पृष्ठ: ६, ❑ मूल्य रु. १०/-

## कोरोना संक्रमित उपचार गराई रहेका ४३ मध्ये ३१ जना कोभिड-१९ उपचार केन्द्र विराटनगरमा



जहदा गाउंपालिकाका यूवाहरुले प्रहरीका साथी म लेखिएको टी सर्ट लगाएर लकडाउनलाई सफल बनाउंदै ।

विराटनगर । नेपालमा कोरोना भाइरस संक्रमन पत्ता लागेका ५९ जना मध्ये १६ जना उपचार पनि निको भएर घर फर्किसकेका छन् ।

त्यसै गरी कोरोना संक्रमित ४३ जना मध्ये ३१ जनाको उपचार प्रदेश नं. १ को राजधानी विराटनगरको कोशी अस्पताल कोभिड-१९ उपचार केन्द्रमा भईरहेको छ । ती सवैको अवस्था समान्य रहेको कोशी अस्पतालको सुपरिटेन्ट संगिता मिश्राले जानकारी गराएको छ ।

प्रदेश नं. १ मा र्‍यापिड डाइग्नोस्टिक टस्ट (आरडीटी) परिक्षणको लागि महिला ९ सय ३४ र पुरुष ४ हजार ५ सय ६५ गरी जम्मा ५ हजार ४ सय ९९ जनाको स्वाव पठाएकोमा ६ जना महिला र ९ जना पुरुष गरी जम्मा १५ जनामा पोजिटिभ देखिएको र वांकी महिला९ सय २८ र पुरुष ४ हजार ५ सय १६ गरी जम्मा ५ हजार ४ सय ८४ जनाको नगेटिभ देखिएको छ ।

त्यसैगरी कोरोना संक्रमणको पिसीआर परिक्षणको लागि महिला ३ सय ५१ र पुरुष १ हजार १ सय ४५ गरी १ हजार ४ सय ९६ जनाको स्वाव पठाएकोमा २ महिला सहित ३१ जनाको पोजिटिभ देखिएका छ भने ३ सय ४७ महिला र १ हजार १ सय ६ पुरुष गरी जम्मा १ हजार ४ सय ५३ जना मा नगेटिभ देखिएको छ ।

प्रदेश नं. १ मा महिला ४ सय ८१ र पुरुष १ हजार ७ सय ९७ गरी जम्मा २ हजार २ सय ७८ जना क्वारेन्टाईमा बसेका छन् । आइसोलेशनमा ४ महिला ३० पुरुष गरी जम्मा ३४ जना बसेका छन् । होम क्वारेन्टाईनमा महिला १ हजार २ सय ६४ र पुरुष ५ हजार ४ सय ४२ गरी जम्मा ६ हजार ७

वांकी अन्तिम पेजमा...

## तरकारीको झोलामा लागु औषध

विराटनगर । लकडाउनकै अवस्थामा एकजनाले झोलामा तरकारीसंगै लागु औषध बोकेको फेला परेपछि त्यसलाई पक्राउ गरी अनुसन्धान थालिएको छ ।

घटनाको विवरण अनुसार जिल्ला मोरङ विराटनगर महानगरपालिका वडा नं. १६ दरैया स्थितमा सवारी साधनहरु रोकी चेकजाँच गर्ने क्रममा दक्षिणबाट उत्तर तर्फ आईरहेको को. ३६ प ५५६० नम्बरको कालो निलो रंगको पल्सर मोटरसाईकल रोकी चेकजाँच गर्दा सो लागु औषध फेला पारेको थियो ।

लागु औषध सहित पक्राउ पर्नेमा जिल्ला मोरङ विराटनगर महानगरपालिका वडा नं. ५ को दिनवन्धु प्रसाद मोदीले तरकारी बोक्ने नेटको झोला भित्र सेतो प्लाष्टिकमा

वांकी अन्तिम पेजमा...

## दश करोड प्रदेश सरकालाई फिर्ता

विराटनगर । प्रदेश नं. १ का प्रदेश सभाले १० करोड बजेट प्रदेश सरकारलाई फिर्ता गरेको छ ।

कोरोना भाइरस संक्रमणको कारणले गर्दा खर्च हुन सक्ने कार्यक्रम कटौती गरेर बिवरण बुझाउन भएको परिपत्र अनुसार प्रदेश सभाले ९ करोड ९९ लाख १७ हजार रुपैया प्रदेश सरकारको आर्थिक मामिला तथा योजना मन्त्रालयलाई फिर्ता पठाएको छ ।

प्रदेश सभाका प्रबक्ता राजाराम दहालका अनुसार लकडाउन र कोरोना भाइरस संक्रमण जोखिमले गर्दा प्रदेश सभाले खर्च गर्न नसक्ने बिभिन्न कार्यक्रमहरु कटौती गरेर १० करोड बरावरको बजेट रकम प्रदेश सरकारलाई समर्पण गरीएको जानकारी गराउनु भएको थियो ।

चालु आर्थिक बर्षमा एक नम्बर प्रदेश सभालाई ३४ करोड ३७ लाख ९९ हजार रुपैया बजेट बिनियोजन भएको थियो । प्रदेश १ सरकारको आर्थिक मामिला तथा योजना मन्त्रालयले बैसाख १५ सम्म खर्च नहुने कार्यक्रमहरुको बिवरण बुझाईसक्न मन्त्रालय, बिभाग, कार्यालय र निर्देशनालयहरुलाई परिपत्र गरेको थियो ।

सबैतिरबाट खर्च कटौतीको बिवरण आइसकेपछि प्रदेश सरकारले

वांकी अन्तिम पेजमा...

## दाहसंस्कार र अन्तेष्टीको लागि टोली तयार

विराटनगर । विश्व व्यापी रुपमा फैलिएको कोरोना भइरस कोभिड-१९ संक्रमित व्यक्तिको मृत्यु भएमा त्यसको लागि मोरंगमा शव व्यवस्थपन टोली तयार गरिएको छ ।

प्रदेश नं. १ मा पनि कोरोना भाइरस संक्रमितको संख्या दिन दिनै बढ्दै गई रहेको तर मृत्यु अहिले सम्म भएको छैन । कथन कदाचित संक्रमितको मृत्यृ भएमा त्यसको व्यवस्थापनको लागि जिल्ला प्रहरी कार्यालय मोरंगले शव व्यवस्थापन टोलीलाई तयारी अवस्थमा राखेको छ ।

कोरोना संक्रमनकै कारण कसैको मृत्यु भएमा शव कसरी व्यवस्थापन गर्ने भन्ने कुरा चुनौतीपूर्ण बनिरहेका बेला इन्सपेक्टर (प्रहरी निरीक्षक) मिलन थापाको नेत्रृत्वमा १० जनाको टोली तयार गरिएको मोरङ प्रहरी प्रमुख एसपी विश्व अधिकारीले जानकारी गराएको छ ।

विशेष तालिम दिएर तयार गरिएको टोली शव व्यवस्थापनमा खटिने छ । कोरोनाका कारण कथंकदाचित कोरोना संक्रमितको मृत्यु भएमा दाहसंस्कार-अन्तेष्टी गर्ने, शव छिटो घाटमा पुर्याउने, पीपीई प्रयोग गर्ने लगायत शव व्यवस्थापनका क्रममा अपनाउनु पर्ने सुरक्षा सावधानी एवं सतर्कताको बारेमा आवश्यक तालिम र प्रशिक्षण टोलीलाई दिई सकिएको छ ।

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले बनाएको शव व्यवस्थापन कार्यविधि २०७६ अनुसार टोली तयार गरि सकेको छ । कोरोनाबाट मृत्यु भएका व्यक्तिको अन्त्येष्टी अरु मृतकको जस्तो सहज नहुने र अन्त्येष्टीमा धैरै भीडभाड गर्न नमिल्ने भएकाले त्यसका लागि विशेष टोली बनाइएको छ ।

कोरोना सहजै सर्ने खतरनाक भाइरस भएकाले संक्रमित व्यक्तिको नजिक पुग्दा सर्ने जोखिम धैरै हुन्छ । प्रदेश १ मा ३१ जना संक्रमित फेला परिसकेका छन् । संक्रमित मध्ये उदयपुरका २८, झापाका दुई र भोजपुरका एक जनाको विराटनगरको कोसी अस्पताल कोभिड-१९ उपचार केन्द्रमा उपचार भइरहेको छ ।

कोरोनाबाट मृत्यु भएका व्यक्तिको शव जति सक्दो चाँडो घाटमा पुर्याउनु पर्छ । त्यसका लागि शव बहान प्रयोग गर्नु पर्छ । शव उठाउनु भन्दा अघि बहानका कर्मचारी र चालकले व्यक्तिगत सुरक्षा सामग्री (पीपीई)

वांकी अन्तिम पेजमा...

**कोरोना भाइरस उपचार कोषमा रकम जम्मा गर्न आह्वान गरिएको सूचना**

विश्वव्यापी महामारीको रुपमा फैलिएको कोरोना भाइरस (COVID-19) रोगको संक्रमणलाई फैलिन नदिन तथा सोको रोकथाम एवं नियन्त्रणका लागि देहायको बैङ्कमा "कोरोना भाइरस सङ्क्रमण रोकथाम, नियन्त्रण तथा उपचार कोष" खाता खोलिएको हुँदा इच्छुक व्यक्ति तथा संघ-संस्थाहरुले सो खातामा रकम जम्मा गरी सहयोग गरिदिनु हुन आह्वान गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि अनुरोध छ ।

**बैङ्कको नाम:** राष्ट्रिय बाणिज्य बैङ्क
**शाखा:** सिंहदरबार परिसर
**खाताको नाम:** कोरोना भाइरस सङ्क्रमण रोकथाम, नियन्त्रण तथा उपचार कोष
**खाता नं.:** १९६००००११०१

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

SUKRATARA FURNITURE UDYOG
BIRATNAGAR
9842033365
9805391277



All types of Fabrication, Furniture, Prefab, Truss are available.
Email Id: chattdev007@gmail.com

Generated by Foxit PDF Creator © Foxit Software
http://www.foxitsoftware.com For evaluation only.



## सम्पादकीय

# कृषि उत्पाद खेतमै सत्यानाश

हाम्रो उत्तर छिमेकी मुलुक चीनवाट करीब ३ महिला अगाडी फैलिएको कोराना कोभिड-१९ भाइरस अहिले १ सय १० मुलुक अर्थात विश्व भरी नै फैलिसकेको छ । त्यसको प्रभाव नेपालमा समेत परेकोले चैत ११ गते देखि निरन्तर रुपमा नेपाल पनि लकडाउन गरेकोले कृषकहरुको कृषि उत्पादन खेतमै सड्ना थालेका छन् । लकडाउनले गर्दा यातायात लगायतको साधन पनि बन्द रहेको र बाटोमा समेत आवत जावत गर्न कडाईका साथ रोक लगाएकाले एका तर्फ शहर बजारका व्यक्तिहरुले तरकारी पाउँदैन भने अर्को तिर कृषकहरुले खेतमा लगाएका टमाटर, भिण्डी, बोडी, फर्सी, घेरा लगायतका तरकारी जन्य उत्पादन खेतमै खल्न थालेका छन् । ती उत्पाद खेतीमै गलेका कारण कृषकले बैकवाट ऋण उठाई गरेको तरकारी खेतमा तरकारी त फलेका छन् तर बजार सम्म नपुग्दा खेतमै सड्दै गई रहेका छन् । कृषकहरु ऋीण करी तिर्ने भन्ने चिन्तामा डुवेका छन् ।

खास गरी तराई मधेश क्षेत्रमा अध्याधिक रुपमा तरकारी खेती भई रहेको छ त्यही तरकारी काठमाण्डौ, पोखरा लगायतको ठाउंमा विक्री वितरणको लागि गइ रहेकोमा लकडाउनले गर्दा तरकारी पुऱ्याउन सकेको छै । त्यसले कृषकहरुको एउटा विकल्प मात्र छ कृषकले उत्पादन गरेको तरकारी लगायतका बस्तु सरकारले खरिद गर्नु पर्छ । सरकारले लागत मुल्यमा केही रुषिया मुनाफा दिएर कृषि बस्तु खरीद गर्नु पर्छ जसले गर्दा कृषकहरुलाई पनि राहत हुन्छ । सरकारले खरिद गरेका त्यस्ता बस्तुहरुवाट अन्य परिकार बनाई बजारमा ल्याउन सक्छ जसले गर्दा सरकार र जनता दुवै एक अर्काको पुरकको रुपमा काम गर्नु पर्छ । अनि मात्र देशको विकास हुन्छ ।

नेपाल कृषि प्रधान देश हो । कृषि प्रधान देशमा भगवान भरोसा मात्र कृषि उत्पाद हुन्छ । कृषिकको लागि सरकारले खासै व्यवस्था गरेको छैन अहिले पनि अकाशकै पानीको भरमा खेती गर्न पर्खिनु पर्छ । कषिमा अध्याधिक लागत लाग्ने भएकोले सरकारले लागत मुल्य कायम गरी केही रुपिया फाईदा राखी सरकारले कृषि उत्पाद खरिद नगरे सम्म किसानलाई फाईदा हुंदैन किसान संग व्यपारीले समान खरिद गर्दा परको मुल्यको दोबर लिएर बजारमा विक्री वितरण गर्दछ र बजारका उपभोक्ता सम्म कृषि बस्तु आउदा आउंदै डबल त्रिवल मूल्य व्यापारीहरु लिन्छ । त्यसैले कृषकहरुको कृषि उत्पादन सरकारले खरिद गरी उचित मुल्यमा उपभोक्तालाई वेच्नु पर्दछ । अहिले लकडाउनको अवस्थामा सरकारले कृषि उत्पादहरु खरीद गरी किसानलाई गरीब हुनवाट बचाउन आवश्यक छ ।

## साप्ताहिक राशिफल

**मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ):तपाईका विरोधीहरु परास्त हुनुका साथै मान सम्मान समेत मिल्ने योग रहेको छ। युवकयुवतीहरुका लागि नयां जीवन साथी मिल्ने छ।**

**वृष (इ, उ, ए, ओ, वा, वि, वु, वे, वो): आर्थिक पक्ष राम्रो रहेकाले व्यपार व्यवसायीवाट राम्रै लाभ मिल्ने तथा पारिवारिक सुख भ्रमणको योग समेत रहेको छ।**

**मिथुन (क, कि, कु, घ, ङ, छ, के, को, ह)** : आफन्त जनसंग खटपट मनमुटाउ गराउंने योग छ। दाम्पत्य तथा प्रेमको विषयमा सामान्य अप्ठ्यारो हुने योग छ।

**कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो)**:मनमा अनावश्यक तर्ककुतर्कले डेरा जमाउने योग देखिन्छ । गरेको काम अरुले काट्न सक्ने देखिएकाले विचार पु-याएर काम गर्नु होला।

**सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे)**: विद्यार्थी वर्गका लागि पढाईमा गहिरो लगाव हुनुका साथै बौद्धिक क्रियाकलापमा सहभागी गराउने योग छ।

**कन्या (टो, प, पी, पू, ष, ण, ठ, पे, पो)**: शारिरीक अस्वस्थ्यताका साथै आलस्य बढने योग रहेको छ। नाना तरहका अनावश्क विषयले मानसिक तनाव उत्पन्न गराउने देखिन्छ।

**तुला (रा, री, रु, रे, रो, ता, ती, तु, ते)**:परिवारिक चिन्ताले सताउने योग रहेको छ । भने उत्तरार्द्धमा सामान्य वादविवादमा पर्न सम्भावना रहेको छ।

**वृश्चिक (तो, ना, नि, नू, ने, नो, या, यि, यू)**: आर्थिक पक्ष सवल रहेको छ। आत्मबल तथा पराक्रम बढेर जानाले प्रशस्त कार्य सम्पादन गर्ने क्षमता वढ्ने छ।

**धनु (यो, भा, भी, भू, ध, फा, ढ, भे)**: मेवा मिष्ठान्नका परिकार प्राप्त हुने बेला छ। कृषि तथा कृषिजन्य व्यवसायमा लाभ हुनेछ ।

**मकर (भो, जा, जी, जू, जे, ख, खि, खू, खे, गा, गी)**:महिनाको पुर्वाधमा मित्रसहयोग,धनागमन तथा मनोरञ्जनको अवसर मिल्नेछ। भने उत्तरार्धमा मान हानि तथा अपमान आउनसक्ने छ।

**कुम्भ (गु, गे, गो, सा, सी, सु, से, सो, द)**:सामाजिक कार्यमा सहभागी हुनुका साथै भोजभतेरमा तथा रमाईलो यात्राको सुवर्ण अवसर मिल्ने योग रहेको छ।

**मीन (दी, दु, थ, झ, ञ, दे, दो, च, ची)**:शत्रुहरुको शिर निहुरिनेछ । भने वाद विवादमा विजय मिल्ने योग रहेको छ । पेट, आंखा तथा सामान्य शारीरिक अस्वस्थता देखापर्नेछ।

# नेपाली अर्थतन्त्र र कोरोना प्रभाव

**गोपाल पी खनाल**

विगतका दशकहरुमा अस्थिर सरकार, सङ्क्रमणकालीन अवस्था, द्वन्द्व, जनतामा चुलिएको आकाङ्क्षा, संविधान निर्माणको चटारो, भद्रगोल विकास जस्ता विविध कारणहरुले आर्थिक परिसूचकहरुको अवस्था ऋणात्मक थियो । आयात र भन्सारमा आधारित राजस्व प्रणाली, रेमिटेन्सको भर, अनुत्पादक क्षेत्रमा पुँजी लगानी आदि अर्थतन्त्रका मूलभूत विशेषता थिए । सरकारको आर्थिक सफलता, अर्थमन्त्रीले लक्ष्यभन्दा बढी कति प्रतिशत राजस्व उठाउन सक्यो भन्ने कसीमा मापन गरिन्थ्यो ।

२०६२ र ६३ को जनआन्दोलन पछि संविधान सभाको निर्वाचन र संविधान निर्माणमा मुलुक एक दशक रुमल्लियो । वि.स. २०७२ मा नेपालको संविधान जारी भएपछि राजनीतिक स्थायित्वको जग बस्यो । सरकार परिवर्तन हुन ५ वर्ष कुर्नैपर्ने र त्यसको ठेगान जनताले लगाउने थिति बस्यो । सङ्घीय शासन व्यवस्थाअन्तर्गत तीन तहका सरकार र सातवटै प्रदेशमा राजनीतिक एवं प्रशासनिक संरचना निर्माण भए । मुलुकमा पहिलो पटक वित्तीय सङ्घीयताको अभ्यासको थालनी भयो । संवैधानिक, नीतिगत, संस्थागत, कार्यक्रमगत विभिन्न व्यवस्थाले अर्थतन्त्रमा केही सकरात्मक सङ्केतको अवस्था देखिँदै थियो ।

नेपालको संविधानको धारा ५९ मा सङ्घ प्रदेश र स्थानीय तहले नै आफ्नो आर्थिक अधिकारसम्बन्धी विषयमा कानुन बनाउने, वार्षिक बजेट ल्याउने, निर्णय गर्ने, नीति तथा योजना तयार गर्ने र त्यसको कार्यान्वयन गर्न सक्ने र धारा ६० मा आफ्नो आर्थिक अधिकार क्षेत्रभित्रको विषयमा कर लगाउने, राजस्व उठाउन सक्ने र विभिन्न अनुदानको व्यवस्थाले स्वायत्तता प्रदान गरियो । संविधानले तीन तहकै सरकारका एकल र साझा अधिकारहरु प्रत्याभुत गरियो । जनचेतना, सञ्चार जगतको हरेक ठाउँमा उपस्थिति, जनतामा अधिकार खोज्ने बानीको विकास, अनलाइन कार्यशैली र व्यवहारको सुरुवात आदिले सामाजिक सांस्कृतिक रुपान्तरणमा केही हदसम्म समाज अगाडि बढेको सन्दर्भमा अकस्मात सल्किएको कोभिड-१९ को माहामारीले अबको अर्थव्यवस्थालाई बहुआयामिक प्रभाव पार्ने देखिन्छ ।

कोरोना प्रभाव

विगत केही महिनादेखि चीनको उहान प्रान्तबाट सुरु भएको कोरोना भाइरसको महामारीले विश्व आक्रान्त छ । अमेरिका, इटली, स्पेन, चीन, फ्रान्स लगायतका मुलुकहरु कोरोनासँग मुकाबिला गरिरहेका छन् ।

विश्वमा करिब दुई लाख मानिसले ज्यान गुमाइसकेका छन् । दशौं लाखको संख्यामा संक्रमित छन् । लाखौं उपचारपछि घर फर्किएका छन् । नेपालमा पनि संक्रमित को संख्या बढिरहेको छ तर खुसीको कुरा हालसम्म संक्रमित मध्ये कसैको पनि ज्यान गएको छैन । निको भएर घर फर्किरहेका छन् । कारण उच्च मनोबल, उपचार, सरसफाइ आदि ।

मुलुकमा अझै लकडाउनको अवस्था जारी छ । यसले गर्दा अत्यावश्यक बाहेका सबै गतिविधि ठप्प छन् । उत्पादन छैन, कलकारखाना बन्द छन्, रोजगारी ५० प्रतिशत गुमिसकेको निजी क्षेत्रका अगुवा बताउँछन् । भोलीका दिनमा विदेशबाट फर्किएका युवाशक्ति विदेशमा समेत रोजगारी गुम्नाले स्वदेशमै बस्ने अवस्था सिर्जना हुने देखिन्छ ।

हालै विश्व बैङ्कले नेपालको आर्थिक वृद्धिदर १.५ देखि २.८ बीचमा रहने प्रक्षेपण गरेको छ । लकडाउनले आर्थिक गतिविधि रोकिँदा अर्थशास्त्रीय चक्र नै बन्द हुने सम्भावना बढ्दो छ । फलस्वरूप विश्व आर्थिक वृद्धिदर घट्ने, वैदेशिक सहायता नआउने, आन्तरिक उत्पादनसमेत नहुँदा अर्थतन्त्र धराशयी हुने त होइन भन्ने खतरा उत्तिकै देखिन्छ ।

क्षेत्रगत प्रभाव

सबैभन्दा ठूलो प्रभाव सेवा क्षेत्रमा परेको छ । यसअन्तर्गत पहिलो पर्यटन क्षेत्रमा पर्यटक आवागमन ठप्प छ । होटल र हस्पिटालिटी क्षेत्र धराशयी हुने देखिन्छ । मनोरञ्जन क्षेत्रमा फिल्म हल, नाटक घर सबैबन्द छन । दोस्रो उत्पादन क्षेत्र अन्तर्गत मेनुफ्याक्चरिङ उद्योगमा कच्चापदार्थको अभाव छ । भएको उत्पादनलाई बजारसम्म लैजान कठिनाइ छ । घरमा गएका कामदारहरु तत्काल फर्कने अवस्था छैन । तेस्रो निर्माण क्षेत्रमा पनि त्यस्तै समस्या हुँदा काम ठप्प छ । भन्सारमा मालसमान पास नहुँदा राज्यको ढुकुटी शून्य हुने अवस्था छ । बैङ्कको ऋण नउठ्ने र ऋणीले तिर्न पनि नसक्ने अवस्था छ । अर्को समस्या विदेशबाट स्वदेश र सहरबाट गाउँ जाने मानिसहरुको लर्कोले खाद्य सङ्कट ल्याउने सम्भावना उत्तिकै छ । अर्को ठूलो समस्या यसले मानिसको मनोसामाजिक अवस्थामा गडबडी ल्याएको छ । घरमा बेरोजगार भई बस्दा झन ठूलो मानसिक समस्या सिर्जना हुने देखिन्छ ।

कोरोनाले उब्जाएका प्रमुख प्रश्न

- लकडाउनको बेला मजदुरलाई राहत दिएर राख्न पनि नसक्ने र घर जान पनि नदिने बीचबाटोमै अलपत्र पर्दा संवेदनशीलता खोई ?

- भोकमरीबाट बचाउने किसानलाई दस किलो चामलको सट्टा बीउमल दिए कसो होला ।

- उत्पादन नभएपछि अर्थतन्त्र डुब्ने रहेछ, त्यसैले यही मौकामा युवा र मजदुरलाई बाँझा खेतमा खेती गर्न, गाउँलाई कृषि हबको रूपमा विकास गर्न तत्काल अनुदान र सहयोग गर्ने कार्ययोजना ल्याए कसो होला ?

- मजदुरका नेताज्यूहरु ! आखिर मजदुरकै दुःख पीडा बाटोभरी यत्रतत्र सर्वत्र हुँदा पनि आवाज उठाई समाधान गर्न पहल किन नगरेको ?

- सरकार ! यही मौकामा दक्षिणी सिमानामा तारबार लगाउने कि ?

- जनताको सेवा गर्ने कसम खाई राजनीति गरेर सरकार चलाउने प्रम मन्त्री र तीन तहकै सरकारका निर्वाचित पदाधिकारीको तलबभत्ता घटाएर देशको स्वास्थ्य क्षेत्रमा लगाउने निर्णय किन नगरेको ? आखिर तलबभत्ता खान राजनीति गरेको त पक्कै होइन होला ?

- यतिबेला दलहरुले बनाएको कोरोना विरुद्धको समिति/संयन्त्रहरुले के गर्दैछन् ?

- नेपालमा कोरोना सङ्क्रमित मात्र भेटिँदा त यति धेरै सशङ्कित हुने मेरो सरकार वि.स. २०६७ सालमा जाजरकोटमा हैजा फैलिएर सयौं सङ्ख्यामा नागरिकको ज्यान जाँदा किन अत्तालिएन ? तिम्रो नियतमा केही कालो छ भनेर जनता भनिरहेछन् ।

- जन्मदिन मनाउनलाई केक ओसार्न हेलिकप्टर प्रयोग गऱ्यौं तर जनता भोकभोकै बाटोमा अलपत्र पर्दा ती कम्पारा कता गए ? तिम्रो समवेदना कता हरायो ?

- करिब २ महिनाअघि चीनबाट १७५ जना नेपाली उद्धार गर्ने तिम्रो हवाईजहाजले दुई छाक टार्न नसकेर भारत पसेका सीमामा अलपत्र परेका नेपालीलाई किन उद्धार गरेन ?

अबको बाटो

करिब तीन करोड जनसङ्ख्यामा दस हजार सङ्ख्या पनि चेकजाँच नगर्ने अनि सङ्क्रमित भेटिएनन् भनी विश्लेषण गर्नु सरासर झुट बोल्नु जस्तै हो । त्यसैले पहिले भिडभाड हुने ठाउँहरु जस्तै : तरकारी बजार, हाट बजार, भारतीय सिमानाहरुमा चेक-जाँचलाई व्यापक बनाउनु पर्दछ ।

नेपालसँग सीमा जोडिएको भारतमा दिनानुदिन सङ्क्रमित सङ्ख्या बढिरहेको, खुला सिमानाका कारण चोर बाटोबाट निर्वाधरूपमा आवतजावत गरिरहेको सन्दर्भमा नेपालमा अझ बढी सतर्कता अपनाउनुपर्ने देखिन्छ । त्यसैले सिमानामा सुरक्षा व्यवस्था कडा पार्नु पर्दछ ।

व्यापक रुपमा चेक-जाँच गर्ने, भारतसँगका नाका बन्द जारी राख्ने, चोर बाटाहरुमा सुरक्षा फौज तैनाथ राख्ने र आन्तरिक लकडाउनलाई आवश्यकता र प्राथमिकताका आधारमा खुकुलो पार्दै जानुपर्छ । खुकुलो पारिएको क्षेत्रमा सामाजिक दूरी कायम, सरसफाइ र सेनिटाइजर मास्क प्रयोग गर्ने कार्यलाई कडाइका साथ लागू गर्नुपर्दछ ।

बन्देज खुकुलो पारेपछि झन् डरलाग्दो रूपमा सङ्क्रमण बढेमा के गर्ने भन्ने सन्दर्भमा पूर्व सावधानी, स्वास्थ्य सेवा र पूर्वाधारलाई तयारी अवस्थामा राख्नुपर्दछ । राज्यको पहिलो प्राथमिकता नागरिकको स्वस्थ्य हुनुपर्दछ ।

कोभिड-१९ जस्तै लक्षण भएका अन्य रोगीहरुको उपचारलाई ओझेलमा पार्नु हुँदैन । नियमित रूपमा उपचार गर्नुपर्ने दीर्घरोगीका बिरामी र रुघा, खोकी, ज्वरो, टाइफाइड, डेङ्गु, जापनिज इन्सेफलाइटिस, जस्ता लक्षण देखिने रोग भएका बिरामीहरुलाई अस्पताल र स्वास्थ्यकर्मीद्वारा कोरोना भाइरसको आशङ्कामा उपेक्षा गर्नु कदापी स्वीकार्य हुँदैन । जो कतिपय ठाउँमा भइरहेको सञ्चार माध्यममा आइरेका छन् ।

अस्ति भर्खर भुटानले आफ्ना दुई जना नागरिकलाई हेलिकप्टर चार्टर गरी नेपालबाट उद्धार गरी आफ्नो देशमा लग्यो । यो नेपालको लागि लाजमर्दो अवस्था हो । किनकि नेपालका हजारौं नागरिक भारतीय सिमानामा अलपत्र परेका समाचार आइरहनु, नेपालबाट पनि श्रमिकहरु

वांकी पेज ५ मा...

## केही महत्व पूर्ण टेलिफोन नम्बरहरु

**दमकल**

बिराटनगर बारुणयन्त्र ४२००००
इटहरी बारुणयन्त्र ५८०१०१
धरान बारुणयन्त्र ५२०१९९
इनरुवा बारुणयन्त्र ५६०१०१
दमक बारुणयन्त्र ०२३-५८०१०१
भद्रपुर बारुणयन्त्र ०२३-५२०१०१

**एम्बुलेन्स सेवा**

जिविस मोरङ ५३६३५३
नेरेसो रंगेली ५८००४८
बिराटनगर महा न.पा. ५२२२३६

**अस्पताल**

कोशी अ.इमरजेन्सी ५२४२३४
रंगेली अस्पताल ५८००४८
आाखा अस्पताल ५२३७०६
सुरक्षा अस्पताल प्रा.लि. ०२१-५३६९४१, ५२२८७७ एम्बुलेन्स ९८०२७५३७१७, ९८०२७५३७०६

**प्रहरी**

पूर्वाञ्चल क्षे.प्र.का. ४३५००१
जिल्ला प्रहरी कार्यालय ५३०३५८, ५२३९०१,१००
नगर प्र.का.. बिराटनगर ५२१८५०, ५३०३६७, ११०,
इ.प्र.का. रंगेली ८०१००/८०१३०
इ.प्र.का. उर्लाबारी ५४०००२
सिमा प्रहरी चौकी ४३५८४०

Generated by Foxit PDF Creator © Foxit Software
http://www.foxitsoftware.com For evaluation only.



## पहिचान, उत्थान आर विकासके लेल मगही भाषा पृष्ठ

# संन्दुक अर्थात लकडीके बड्का बकसा

**श्याम सुन्दर सुतिहार**




लकडीके कलात्मक समान बनावैवाला जायतके रुपमे बढई जायतके चिनहल जाय है। समाजमे धनी व्यक्ति सवके बहुमुल्य समान सब राखैके लेल लकडीसे बनल कलात्मक बड्का बाकस के ही पौरानिक कालमे संन्दुक कहते रहलन। संन्दुक पहिले-पहिले समाजमे रहैवाला धनीक्ड, जिमदार, मुखिया, मैजन लगायतके लोग सव अपन-अपन घरमे राख्नते रहलन।

संन्दुक खास कैरके अपन घरमे रहल सोना, चानी, पित्तल, तामा, रुपिया, पैसा लगायतके बहुमुल्य बस्तु राखैके लेल संन्दुक बनाके घरमे राख्ते रहलन। घरमे संन्दुक राखैके चलन करीब चार पुस्ता अगा प्रचलनमे रहलन। उ समयमे प्राय : संन्दुक गाउं समाजके धनीक्ड, जिमदार, मुखिया, सरपंच, मैजन लगायत धनिकड घरानामे राख्त रहलन। समाजमे केकरो घरमे सन्दुक देखलाकेवाद उ लोग के दोसरका लोग गाउंके धनी, मुखिया या मडर हुवैके सोझे अनुमान करते रहलन है। धनीक्डके घरमे सन्दुक वनाके उ संन्दकमे बहुमुल्य बस्तु राख्ते रहल ओर गाउंके समान्य स्तरके लोग सवके घरमे प्राय छोटका बाकस राखैके प्रचलन सेहो रहलन।

समाजके धनिक्ड लोग सवके सम्पत्ति राखैके लेले संन्दुक बनावैवाला कलाकार बढई जायत रहलन। बढई जायतके पासमे धन नै रहलन लेकिन धन सुरक्षित करैवाला संन्दुक(बाकस) बनवैवाला कलाकारीता बढई जायत मे रहलन।

संन्दुक बनवैकेले मुख्य रुपसे सखुवाके लकडी चिरान कैरके चारटा पाउवा(खुट्टा) कलात्म रुपसे खराईदके आकर्षक बनावल जाय है। चारो तरफ से मोटका लकडीके तकथामे कलात्मक बुट्टा, लोहाके काटी, फलामके पत्तर लगाके मजबुत तरीकासे संन्दुकके निर्माण करते रहलन। संन्दुक एते मजबुत रहलन कि कुढारी से सेहो नै काटल जायत रहलन। उ संन्दुकमे एगो खोलै या लगावैवाला फाटक राइखके उ फटकमे लोहाके सिकड प्रयोग कैरके ताला मारैके व्यवस्था सहो रहलन। सन्दुकके उपरका भागमे भी छोट-छोट पाउवा वनाके कलाल्मक रुपमसे प्रयोग करैके संन्दुकके आकर्षक रुप से निर्माण करल जाय है। सन्दुकके भितरका भागमे खण्ड-खण्ड बनाके अलग-अलग बहुमुल्य बस्तु संन्दुकमे रैखके सन्दुके उपरका भागमे सुतैके सेहो व्यवस्था रहलन। सन्दुक बनवैके लेल ढेर खर्च आर सखुवाके लकडी मात्रे प्रयोग हुवैके कारण समान्य आर मध्यम वर्गके लोगस अपन-अपन घरमे बकसाके प्रयोग करते रहलन। घनिक्ड लोग सव सन्दुक के प्रयोग करते रहलन। लकडीके बाकसके बड्का रुप सन्दुक है।

संन्दुक घरमे कथिल राखल जाय है प्रश्न मे बढई जातिके मोरंग धनपालथान वाड नं.२ के ८५ वर्षिय महिला गंगा देवी सुतिहार बताउलक 'एखिनका समयमे धन सम्पति संरक्षण करैके लेल आधुनिक वैक, सहकारी संस्था, लकर, लगायतके व्यवस्थ भेल है लेकिन हमरा यारके समयमे घरमे रहेवाला सम्पतिके घरेमे संरक्षण करै के बाध्यतासे घरके सव बहुमुल्य बस्तु सव एके जगह राखैके लेल संन्दुकके प्रयोग करल जायत रहल। संन्दुक बनावैके मुख्य कारण अपने सवके जानकारी है कि संन्दुक बकसाके वड्का रुप है। बाकसमे बहुमुल्य समान रखलासे पहिले पहिले समाजमे चोरी-डकैति हुवैके कारण चोर डकैत सव बकसाके उठाके लायजत रहल लेकिन संन्दुक लक जायल असम्भव रहल है आर मजबुत तरिकासे मजबुत लकडीसे बनावैके कारण फोडैल सेहो समय लागैके कारण चोर डकैत से सम्पतिके जोगावेके लेल संन्दुक घरमे राखल जाय है। सुतिहारके ससुर के घरमे संन्दुक रहल सेहो वताउलक। उ सन्दुकमे लगायल चावी घरके मुख्य आदमी अपन कमरमे लगल करसुतमे बाइनके राखैके सेहो चलन रहल वताउलक।'

वहीना राजवंशी जायतमे संन्दुके प्रचलन बहुत चलल रहल वहे से संन्दुकके वारेमे मोरंग जहदा गाउंपालिका वडा नं. १ राजवंशी टोलकी विराट क्षेत्रिय राजवंशी समाजकी १ सय १ वरिसके जतरी देवी राजवंशी कहलक हमर सवके समयम सम्पतिके नाममे सोना, चानी के गहना, पितर, तामा, फूलके वर्तन रहल। उ सव समान चोरी-डकैती वेसी हुवैके कारण उकर संरक्षण आर जोगावैके लेल धनीकड लोगसव सन्दुक बनाके उकरेमे सव समान समब राख्ते रहलन। हमर सब जैसन समान्य परिवारके लोग सव अपन सम्पति बकसामे हि जोगाक लेल राख्ते रहिलहन। हमर आरके समयमे सम्पति जोगावके लेल दोसर कोनो विकल्प नै रहलन। जेकरा बकसा नै हुवैके कारण अपन घरमे रहल चानी आर सोनाके साथे अन्य बहुमुल्य बस्तु सव फुलके घडामे रायखके माइटके तरमे गाइडके राखैके प्रचलन सेहो प्रख्यात रहल राजबंशीके कथन रहल।

वहिना विराटनगर महानगर पालिका वडा नं. १२ के त्रिपित शर्माका अनुसार सन्दुक वनावके लेल बहुत औजार सवके प्रयोग करै पडै है। जैसन कि बसुल्ला, आरी, हथौडी, रुखानी, रुखान, बटारी, रन्दा, रन्दा वटाम, खड्कस, काटी, बलेसरी काटी, टोपिया, गिरमिट, कोनिया, बाला, काटी बुट्टा, सिकन्जा, लकडीके स्केल, लगायतका के सामग्री सव प्रयोग कैरके सन्दुक बनाजद जाय है लकिन एखैन सव औजार विद्युतसे चलैवालो इलेक्ट्रीक मेशिन आइव गेलाके कारण पुरनका ती औजार सव विस्थापित भ गेल है शर्माके कथन है।

सम्पत्ति संरक्षण्ले लेल पहिलेके जमानामे प्रयोग है वाला संन्दुक एखैनका समयमे लोप आर विस्थापित भ गेल है। संन्दुक समाजसे कयला लोप आर विस्थापित भगेल है प्रश्नमे विराटगनर महानगर पालिका वडा नं. ३ के रहैवाला ८१ बरिसके शिक्षक पेशासे अवकास पालल लोग श्यामनन्दन शर्मा वताउलक 'पहिले हमर घर सुनसरी जिल्लाके साहेवगंज पांचो सिमर है हमरे घरमे वड्का संन्दुक रहलन। उ संन्दुक हमर घरके आगलगीमे नष्ट भगेल है। संन्दुक सखुवाके काठ से बनाइल एकदम बजबुत होत रहल जेकरा कुढारीसे काट्लाके वादभी नै कटते रहल। संन्दुक लोप आर विस्थापित हुवैके मुख्य कारण सखुवा काठ महगा आर अभाव, सन्दुक बनवैल बहुत समय खर्च, बहुत रकम खर्च, सन्दुक रखैल ढेर जगहके आवश्यकता आर सन्दुकके विकल्पमे गाउंगाउंमे सम्पति सररंक्षणके लेल बैक, सहकारी संस्था, सन्दुककै जैसन टीनाके आधुनिक रुपमे ट्रक आर दराज बनै लगाल है। सन्दुक से सस्ता टीना, चतरा, अलमुनियमके दराज ट्रक, दराज सस्ता आर कम समयमे पावैके कारण समाजसे संन्दुक लोप आर विस्थापित भ गेल है शर्माके कथन है।'

एकाइसौ शताब्दीके आधुनिक युगमे प्रवेश भेलाके कारण सन्दुकके सट्टा आकर्ष लोहाके चत्तराके ट्रक, दराज समाजमे स्थापित भई सकेको र ती सामग्री वनाउन आधुनिक मेसीन सव आइव गेलके कारण सन्दुक बनवेवाला पेशामे संलग्न भेल बढई जायतके पेशा सेहो एखैनका समयमे संकटमे पडलै है। ऐसन अवस्थामे संन्दुकके संरक्षण र सम्वर्द्धनके लेल संन्दुकके संस्कृति संग्राहलयमा राख्ना आवश्यक है। सन्दूक प्रयोगके लेल समाजमे जनचेता फैलावके आवश्यक है। अन्यथा भावि पुस्ता सन्दुक केकरा कहल जाय है, बुझावैल कठिनाई सेहो होवे करतैय। धन्यवाद कुछथप करेपडत ते कमेन्टमे लिखु।

## मगही भाषामा

### अपन सबके खातिर कोरोना भाइरस रोगके संक्रमणसे बचैल अपनाबैवाला नियम सब :

- कोरोना भाइरस रोग श्वास प्रश्वासके माध्यम स फैलेवला संक्रमण हैं।
- संक्रमित आदमी खोखला आर छिकलासे नाक आर मुहसे निकलैवाला थुक आर नेटा के माध्यमसे यी भाइरस एक आदमी से दोसरका आदमीमे फैल है।

**यी रोग से बचैके खातिर कि करै पड्तै ?**

- खोखी आर छिकै के समय नाक, मुख झापु आर प्रयोग करलगेल टिसूपेपरके जल्दी से गन्दा फेकैवाला टकुरीमे फेकु
- समय समयमे साबुन पानीसे हातमुह मिच-मिच के धुवाउ आर सेनिटाइजर के प्रयोग सहो करल जाय।
- हात नैमिलाऊ, ओकर जगहमे नमस्कार और गोडलागै छि बोलु।

**कि नै करै के चाही ?**

- खोखो आर बोखार लागल आदमीसे दुरी बनाके रहल जाय। अगर अपनेके भी खोखी लागल है त दोसर आदमी से दुर रहल जाय। भीडभाडमे नय जायल जाउ आर दोसर ो लोग सबके भीडभाडमे नय जायके सल्लाह दियौ।

**आर ध्यान दिएवाला बात :**

- बोखार आइलासे, खाँसी लगलासे, श्वास लिएमे दिक्कत भेल से नजदिकके स्वास्थ्य चौकीमे सम्पर्क करल जाय।
- कोरोना भाइरस रोगके बारे विषेश जानकारीके खातिर पैसा नै लागेवाला हटलाईन टेलिफोन नं. ११५५ मे फोन करल जाय।
- यी रोग से नै डराउ बलकि सतर्क रहल जाय।

जनचेतनाको लागि
क्राईम अपरेशन साप्ताहिक

**कर तिरौं, राजश्व बढाऔं**

कर तिर्नु कानूनी अधिकार मात्र नभएर सम्मान पाउने अवसर पनि हो। त्यसैले कर तिरौं देशको राजश्व बढाऔं।
स्थायी लेखा नम्बर लिनुहोस ढुक्क भएर व्यवसाय सञ्चालन गर्नुहोस्।
लेखा राखौं हिसाबमा भर, हच्चुवामै नतिरौं कर
कर्तव्य ठानेर कर तिरौं नव नेपाल निर्माणमा सहभागी बनौं।
सामान किनौं गतिलो छानेर बिल मागौं अधिकार ठानेर।

**अन्तरिक राजश्व कार्यालय विराटनगर**

खुल्यो ! खुल्यो !! खुल्यो !!!

**सम्पूर्ण विशेषज्ञ सेवा सुविधाको साथमा वर्षै भरी डाईविटीज र प्रेसरको निःशुल्क जाँच गर्ने विराटनगरको घोघापुल चौक विराटनर-९ मा २०७६ साल असोज १ देखि जनरल हस्पिटल एण्ड ट्रमा केयर सेन्टर प्रा.लि. संचालन ल्याएको सहर्ष जानकारी गराउँदछौ।**

विशेषज्ञ सेवाहरु :- फिजिसियन तथा कार्डियोलोजि सेवा, हार्ड जोड्नी तथा नशा र बाथ रोग, नवजात शिशु तथा बालरोग, प्रसुती तथा स्त्री रोग, नाक, कान तथा घाँटी रोग, दन्त तथा मुख रोग,छाला कुष्ठ तथा यौन रोग, फिजियोथेरापी, मानसिक तथा नशा रोग, किड्नी पत्थरी तथा मुत्र रोग, आइ.सी.यू , एन.आइ. सी.यू, पि आइ.सी.यू, भेनटिलेटर, एक्सरे, अल्ट्रासाउण्ड, सर्जरी, इन्डोस्कोपी, टि.एम.टी, इकोकार्डियोग्राफी, होल्टर, इ.सी.जी.,ई.ई.जि., समान्य स्वास्थ्य परिक्षण र मधुमेहको परामर्श सेवा उपलब्ध छ।

**जनरल हस्पिटल एण्ड ट्रमा केयर सेन्टर प्रा.लि.** सम्पर्क : ०२१-४४०४०६०

Generated by Foxit PDF Creator © Foxit Software
http://www.foxitsoftware.com For evaluation only.



# कम्यूनिष्ट सरकार सर्वसत्तावाद तर्फ उन्मुख

विराटनगर । नेपाल कम्यूनिष्ट पार्टीको सरकार सर्वसत्तवाद तर्फ उन्मुख भएको प्रतिपक्षीहरु आरोप लगाएका छन् ।

सो आरोप लगाउने प्रतिपक्षीहरुमा नेपाली कांग्रेस, जनता समाजवादी पार्टी, नेपाल र राष्ट्रिय प्रजातन्त्र पार्टीद्धरा एक प्रेस विज्ञप्ती जारी सो आरोप लगाउदै सरकार विरुद्ध एकवद्ध भै संर्घष गर्ने भएको छ ।

लोकतान्त्रिक मूल्य र मान्यताहरुलाई कुल्चिदै यो सरकार सर्वसत्तावादतर्फ अग्रसर भएको स्पष्ट छ । हामी यो प्रवृत्तिको घोर भर्त्सना गर्दछौं र यस किसिमको स्वेच्छारी र सर्वसत्तावादी प्रवृत्ति विरुद्ध सम्पूर्ण लोकतन्त्रवादी शक्ति ऐकतावद्ध भई संघर्ष गर्ने प्रतिवद्धता समेत गरेको छ ।

नेपाली कांग्रेस केन्द्रीय कार्यालय सानेपामा संघीय संसदमा प्रतिनिधित्व गर्ने नेपाली कांग्रेस, जनता समाजवादी पार्टी, नेपाल र राष्ट्रिय प्रजातन्त्र पार्टीका शीर्ष नेताहरुको बैठक बसि सो प्रतिवद्धता जनाएका थिए ।

सो बैटकमा नेपाली कांग्रेसको तर्फबाट सभापति शेरबहादुर देउवा, बरिष्ठ नेता रामचन्द्र पौडेल, नेताहरु विमलेन्द्र निधि, विजयकुमार गच्छदार, डा. शशांक कोइराला, पूर्णबहादुर खड्का, डा. प्रकाशशरण महत, गोपालमान श्रेष्ठ, प्रकाशमान सिंह, विश्वप्रकाश शर्मा र राधेश्याम अधिकारी उपस्थिति रहेको थियो । जनता समाजवादी पार्टी, नेपालबाट महन्थ ठाकुर, डा. वावुराम भट्टराई, उपेन्द्र यादव, राजेन्द्र महतो, महेन्द्र राय यादव, शरदसिंह भण्डारी, अशोक राई र राजेन्द्र श्रेष्ठ र राष्ट्रिय प्रजातन्त्र पार्टीको तर्फबाट डा प्रकाशचन्द्र लोहनीको उपस्थिति रहेको थियो ।

बैठकले तीन बुद्धे निर्णय गरेको छ ।१. लोकतान्त्रिक मूल्य र मान्यताहरुलाई कुल्चिदै यो सरकार सर्वसत्तावादतर्फ अग्रसर भएको स्पष्ट छ । हामी यो प्रवृत्तिको घोर भर्त्सना गर्दछौं र यस किसिमको स्वेच्छारी र सर्वसत्तावादी प्रवृत्ति विरुद्ध सम्पूर्ण लोकतन्त्रवादी शक्ति ऐकतावद्ध भई संघर्ष गर्ने प्रतिवद्धता जनाएको छ ।

त्यसैगरी २. सरकारले लोकतान्त्रिक मूल्य र मान्यतालाई तहसनहस गरी अधिनायकवादी उद्देश्य प्राप्तिका लागि सरकारको समेत संलग्नतामा सांसद डा. सुरेन्द्र यादव अपहरण काण्डले नेपाली जनता आक्रोशित भएका छन् । यस्ता अपराधिक कार्यको यो बैठक घोर भर्त्सना गर्दछ र अपराधमा संलग्न व्यक्तिहरुलाई तत्काल कानूनी कार्वाही अगाडि बढाउन माग गरेको छ ।

सोही वैठकमा ३. कोरोना भाइरसको संक्रमणको सन्दर्भमा गरिएको लकडाउनको अवधिमा जनताका न्यूनतम आवश्यकता पूर्ति गर्ने तथा नेपाली अर्थतन्त्रमा परेको नकारात्मक प्रभावलाई न्यून गर्न आवश्यक राहत र कुनै ठोस् कार्ययोजना सरकारले दिन सकेको छैन । यस अवस्थामा तत्काल राहत र कार्यक्रमको ठोस योजना प्रस्तुत गर्न माग गर्दै कोरोना भाइरसको यथार्थ स्थिति पत्ता लगाउन आवश्यक टेष्टिङमा भएको असाधारण ढिलासुस्ती समाप्त गरी तिव्रता दिन यो बैठक माग गरेको छ ।

# टायर पड्किदा एकको मृत्यु

विराटनर । गाडीको पुरानो टायरमा हावा हालि रहेकै अवस्था टायर पड्किएर उक १७ गते बुधवार एक जनाका मृत्यु भएका छ ।

मृत्यु हुनेमा भारत समस्तिपुर घर भई बिराटनगर महानगर पालिका वडा नं. १३ को जितेन्द्र यादबको सटर भाडामा लिई गाडिको टायर पन्चर बनाई बस्दै आएको मो. हैदरको मृत्यु भएको छ ।

मो. हैदरले गाडिको पुरानो टायरमा हावा हालि रहेको अबस्थामा उक्त टायर पड्कि टायरमा रहेको फलामको रिङले टाउको र शरिरमा चोट लागी घट्नास्थलमा नै मृत्यु भएको थियो इलाका प्रहरी कार्यालय रानीले जनाएको छ ।

# कोरोना परिक्षणको दायरा बढाउन माग

विराटनगर । विश्व व्यापी रुपमा फैलिएको कोरोना कोभिड-१९ को सक्रमण नेपालमा पनि बढ्दै गई रहेको अवस्थामा प्रदेश नं. १ का जिल्ला समन्वय समितिका प्रमुखहरुले कोरोना परिक्षणको दायरा बढाउन माग गरेका छन् ।

प्रदेश नं. १ को समाजिक विकास मन्त्री जीवन घिमिरेसंगको भिडियो कन्फ्रन्समा जिसस प्रमुखहरुले क्वारेन्टाईनमा बसेकाहरुलाई अनिवार्य आरडिटी (र्‍यापिड डायगेष्टिक टेष्ट) गर्नुपर्ने र यसको दायरा बढाउनु पर्ने माग गरेका हुन् । प्रमुखहरुले क्वारेन्टाईनमा बसेको संख्याको आधारमा किट पठाउन माग गरेका छन् ।

क्वारेन्टाईनमा बसेको संख्याको आधारमा किट नपठाएकोले किटकै अभावमा परिक्षणमा ढिलाई भईरहेको गुनासो समेत गरको थियो । किटको मात्रै होईन कतिपय ठाउंमा औषधी र स्वस्थ्य कर्मीहरुको समेत अभाव रहेको जानकारी गराएका थिए ।

विभिन्न देशहरुबाट हजारौको संख्यामा स्वदेश प्रवेश गरेका धैरै जसो मानिस होम क्वारेन्टाईनमा बसेकोले उनीहरुका आरडीटी अनिवार्य रुपमा परिक्षण गर्नु पर्ने प्रमुखहरुको भनाई थियो ।

तेर्हथुमका प्रमुख शिव ढुंगानाले बाहिरी जिल्लाबाट आउनेहरुलाई अनिवार्य क्वारेन्टाईनमा राख्ने गरिएको बताउनुभयो । क्वारेन्टाईनमा राख्न थालिएपछि बाहिरी जिल्लाबाट आउने घटेको उहाँले बताउनुभयो । तेर्हथुममा ३ सय ७४ को आरडिटी गरिएकोमा सबैको रिपोर्ट नगेटीभ आएको उहाँले जानकारी गराउनु भयो ।

सुनसरीका प्रमुख गोपालराज भण्डारीले जिल्लामा आरडिटी किटको अभाव रहेको बताउनुभयो । आवस्यक किट नहुँदा क्वारेन्टाईनमा राखेकाहरुको परीक्षण गर्न नसकीएको, सीमावर्ती क्षेत्रमा उच्च सर्तकता अपनाईएको जिसस प्रमुख भण्डारीले जानकारी गराउनु भयो ।

संखुवासभाका प्रमुख सुमन शाक्यले काठमाण्डौं लगायतका विभिन्न जिल्लाहरुबाट जिल्ला प्रवेश गरेकाहरुलाई क्वारेन्टाईनमा राखिएको बताउनुभयो । संखुवासभामा स्वास्थ्यकर्मीको अभाव भएको उहाँले बताउनुभयो ।

ओखलढुङ्गाका प्रमुख जयबहादुर श्रेष्ठले काठमाण्डौं र बाहिरी जिल्लाबाट प्रवेश गर्नेहरुको अनिवार्य आरडिटी गर्ने गरिएको उहाँले बताउनुभयो । अहिले सम्म २ सय ३१ जनाको परीक्षण गरिएको सवैको रिपोर्ट नेगेटिभ आएको उहाँले बताउनुभयो ।

सामाजिक विकास मन्त्री घिमिरले हरेक जिल्लालाई दोश्रो चरणमा ३ सय ६० का दरले किट पठाईसकिएको र प्रकोप भएको जिल्लाहरुमा आवस्यकताका आधारमा थप किट पठाईने भएको छ । मन्त्री घिमिरेले १४ वटै जिल्लाका स्वास्थ्यकर्मीलाई शंकास्पद व्यक्तिको स्वाव संकलन गर्ने संवन्धिको तालिम दिईसकीएको बताउनुभयो ।

मन्त्री घिमिरेले घडी हेरेर लकडाउन नखुल्ने भएकाले वडा, पालिका, जिल्ला गर्दै लकडाउन खुल्न बताउनुभयो । काठमाण्डौ लगायत बाहिरवाट आएकाहरुलाई अनिवार्य रुपमा १४ दिन क्वारेन्टाइनमा बस्ने समेत अग्रह गरेका थिए ।

# भोजपुरी भाषामा

हमनी सबके जिममेवारी,
कोरोना भाइरस संक्रमणके रोकेला
अपनावल जाऊ होसियारी

- कोरोना भाइरस रोग स्वाँस प्रश्वाँसके माध्यमसे फैलेवला संक्रमण ह ।
- संक्रमित भइल आदमी खोकला छिँकला समयमे निकलल थुक आ पोटाके माध्यमसे एक आदमीसे दोसर आदमीमे यी भाइरस सरेला आ फैलला ।

**यी रोगसे बचैके का र परि ?**

- खोकैक आ छिँकैके समय नाक आ मुख निमनसे तोपेके । आ प्रयोग कइलगेल टिसुपेपरके तुरन्त फोहोर विगेवाला बुडादानीमे विगैके ।
- समय समयमे साबुन पानीसे अच्छासे मलमलके हात धायैके आ सेनिटाइजर हातमे लगावेके ।
- केकरोसे मिलजाइके समय हात नमिलावेके । मात्र प्रणाम आ नमस्कार करेके ।

**आ, काथि ना करैके ?**

- खोकी लागेल आदमीसे दुरी बनाके रहैके ।
- आ अपनहुके खोकी लागलवा त दोसरो आदमीसे दुरीमे रहेके ।
- भीडभाष्मे नजायके आ दोसोरो लोगके भीडभाडभेल जगहमे नजायला सम्झावेके ।

**आ ध्यान देवेवाला बात :**

- बोखार लगलापर, खाँसी लगलापर, आ सँस लेइवेमे दिकत भैलापर जल्दिही नजदिकके स्वास्थ्य केन्द्रमे सम्पर्क करेम ।
- कोरोना भाइरस रोगके बारेमे औरी जानकारी लेले पैसा नालागेवाला टेलिफोन नं. १११५ मे फो कर सकैनि ।
- मत हडबडाई, और सतर्क बनी ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रशारण विभाग

# अलपत्र परेका गन्तव्य तर्फ

बिराटनगर । विश्व व्यापी रुपमा भई रहेको लकडाउ नेपालमा पनि चैत ११ गते देखि भई रहेको निरन्तर लकडाउनका कारण अलपत्र परेका करिव ६ सय जनालाई विराटनगर महानगरपालिकाले गन्तव्य तर्फ पठाएको छ ।

काठमाण्डौं गएकाहरुलाई भने विराटनगरनै फिर्ता गर्न जिल्ला प्रशासन कायाएलय काठमाण्डौंले निर्देशन दिएको छ। विराटनगर माहनगरपालिकाले ५ सय ९५ जना व्यक्तिहरुलाई २७ वटा वसमा गन्तव्य तर्फ पठाएको थियो ।

यातायात व्यवसायी, निजी विद्यालय लगायतसँगको समन्वयमा महानगरपालिकाले पठाईएको विराटनगर महानगरपालिकाका प्रमुख भीम पराजुलीले जानकारी गराएका थिए । महानगरपालिकाले सर्वसाधारण सँगै विभिन्न जिल्लाहरुबाट अध्ययनका लागि विराटनगरमा रहेका विद्यार्थी लाई पनि पठाएको छ ।

महानगरपालिकाको समन्वयमा प्याव्सनको निर्देशन अनुसार घरजान चाहने विद्यार्थीलाई विभिन्न निजी विद्यालयको स्कुल बसमा पठाईएको प्याव्सन विराटनगर सचिव अर्जुन श्रेष्ठले बताउनुभयो ।

लकडाउनका कारण विराटनगरमा उपचार गर्न आएकाहरुपनि एक महिना सम्म फर्कन पाएका थिएनन् । एक महिनासम्म अलपत्र परेको अवस्थामा विराटनगर महानगर पालिकाले घर पुर्याउने प्रवन्ध गरेकोमा खुशी लागेको सप्तरी छिन्नमस्ताका रामचन्द्र झा बताए । अलपत्र परेकाहरुलाई घरसम्म पठाउनुअघि स्वास्थ्य परिक्षण गरिएको थियो ।

यात्रुलाई वसमा सामाजिक दुरी कायमगरि पठाइएको विराटनगर वडा नं. ११ का वडाध्यक्ष तिर्थेन्द्र न्यौपानेले जानकारी दिएका थिए ।

# बजेटमा कृषिलाई प्राथमिकता

विराटनगर । प्रदेश नं. १ का आर्थिक मामिला तथा योजना मन्त्री इनद्रबहादुर आङ्बोले प्रदेश सरकारको अगामी आर्थिक वर्षको बजेटमा कृषिलाई प्राथमिकता दिने बताएको छ ।

सो कुरा सामाजिक दुरी कायम गर्दै गरिएको पत्रकार सम्मेलनमा कषिलाई प्राथमिकतामा राखी प्रदेश सरकारले कुनै पनि कृषि गर्न चाहाने श्रमिकलाई स्थानीय सरकार संघमा समन्वय गरेर सस्तो ब्याजमा ऋण उपलब्ध गराउन तथा अनुदान दिन तयारी गरि रहेको जानकारी गाएका थिए ।

आङ्बोले राहतलाई उत्पादन सँग जोड्ने गरी सरकारले गृहकार्य गरिरहेको बताउंदै सामाजिक दुरी कायम गरेर तथा स्वास्थ्य सम्वन्धी निर्देशिकाहरुले तय गरेको मापदण्ड अनुसारका योजनाहरु सञ्चालन गर्दै अगाडि बढ्नु पर्ने बताए ।

कोरोना भाइरस संक्रमण नियन्त्रण तथा रोकथामका लागि लामो समय लकडाउन गर्नु पर्दा खाद्यान्न तथा आर्थिक क्षेत्रमा समस्याहरु देखापर्नसक्ने तर्फ सरकारले मध्यनजरमा राख्द देशमा खाद्य सङ्कट हुन नदिनकालागी उत्पादनमा जोड दिने गरी सरकारले योजना बनाइरहेको छ। स्थानीय तहसँग समन्वय गरेर किसानलाई, मल, बीउ, उत्पादन भण्डारण तथा बजारीकरणमा सरकारले सहजिकरण गर्ने वहांको भनाई थियो ।

पहिलो चरणमा स्थानीय सरकारले मजदुर तथा न्यून आय भएका विपन्न तथा गरीब परिवारलाई राहत स्वरुप केही परिमाणमा खाद्यान्न उपलव्ध गराएको र लकडाउन लम्बिदै गए दोश्रो चरणको राहत उपलव्ध गराउन सकिने सरकारको योजना छ ।

वेबसाईट, होस्टिङ, अनलाईन रेडियो, एस.एम. एस. तथा एस.एम. एस. भोटिङका साथै सफ्टवेयर एप्स चाहिएमा हामीलाई सम्झनुहोस ।
सम्पर्कः
Websoft IT Nepal Pvt. Ltd.
Biratnagar, Morang
www.websoftitnepal.com
9842278940

'तपाई हाम्रो सचेतता, कोरोना भाइरस रोगको संक्रमण रोक्न अपनाऔं सतर्कता'

कोरोना भाइरस कोभिड-१९ रोग स्वासप्रश्वासको माध्यमबाट सर्ने संक्रमण हो ।
संक्रमित व्यक्तिले खोक्दा र हाछ्यू गर्दा निस्कने थुक र सिगानको माध्यमबाट एक व्यक्तिबाट अर्को व्यक्तिमा यो भाइरस सर्दछ ।

जनहितका लागि प्रदेश १ सरकारको सन्देश

Generated by Foxit PDF Creator © Foxit Software
http://www.foxitsoftware.com For evaluation only.



# भारती सेवा सदन ट्रष्ट से चलंत राहत शिविर के द्धारा पुरी, सब्जी, बुनिया का पैकेट किया वितरण

राजेश कुमार शर्मा

अररिया । भारती सेवा सदन ट्रस्ट के बैनर तले गुरुवार को गरीब निसहाय ठेला चालक, नाई , दिहाड़ी मजदूर आदि के दर्जनों परिवार के बीच चावल प्याज, आलू, दाल, मास्क, साबुन, तेल, नमक, सेनिटाइजर आदि सामग्री का पैकेट का वितरण किया गया है ।

शुक्रवार से भारती सेवा सदन ट्रस्ट द्वारा चलंत राहत शिविर आयोजित कर भारती सेवा सदन ट्रस्ट के संस्थापक अध्यक्ष डाक्टर आरएन भारती के माध्यम से जरूरत मन्दों के बीच चलंत राहत शिविर आयोजित कर जरूरतमंद लोगों के बीच पूरी, सब्जी बुनिया का पैकेट वितरित करेगी ।

गुरुवार को भी अपने निजी आवास पर सोसल डिस्टेंसिंग का पालन करते हुए जरूरतमंदों के बीच सूखा राशन का वितरण किया गया, उनके दुआरा रेलवे स्टेसन, खरैया बस्ती, शिव पूरी मुहल्ला, गोढ़ी चौक सहित आसपास के दर्जनों जरूरतमंद लोगों के बीच सूखा




राशन का वितरण किया गया ।

इस के अलावा उन्होंने लोगों व पुलिस चेकपोस्ट में जा जा करके उनके बीच मास्क, सैनिटाइजर, ग्लव्स व साबुन का भी वितरण किया । इस मौके पर ट्रस्ट के संस्थापक अध्यक्ष श्री आरएन भारती ने कहा जब तक सरकार के माध्यम से लक डाउन जारी रहेगा तब तक ट्रस्ट के तरफ से जरूरतमंदों के बीच चलंत शिविर के माध्यम से अल्पाहार के रूप में पुरी, सब्जी, बुनिया का पैकेट का वितरण हर मुख्य, मुख्य चौक चौराहे पर जारी रहेगा ।

उन्होंने लोगों से यह भी अपील करते हुए कहा आपने घरों में साफ सफाई पर अधिक ध्यान देने और परिवार के सभी सदस्य के बीच बार बार सेनिटाइजर व साबुन से हाथ धोने की सलाह दी । और उन्होंने अपने माध्यम से आसपास के मुहल्ले में सेनिटाइजर करने की बात कही। साथ साथ आमलोगों को सोसल डिस्टेंसिन का पालन हर हाल में करने की बात कही । मोके पर ट्रस्ट के प्रदेश सचिव सीता राम मण्डल , कोषा अध्यक्ष रुणा भारती , कार्यालय प्रभारी रितू राज, गौरव कुमार, सौरव कुमार , आदि मौजूद थे ।

# शराब पीते या रखते पकडे गए तो बर्खास्त किए जाएंगे पुलिसकर्मी

फरविसगंज । पुलिस महकमे ने शराब पीने या फिर उसे रखने वाले अपने मुलाजिमों पर कड़ी कार्रवाई करने का फैसला लिया है. मंगलवार को डीजीपी गुप्तेश्वर पांडे ने अपने विभाग के आला अधिकारियों के साथ वीडियो कान्फ्रेंसिंग कर एक बैठक की.

उस बैठक में डीजीपी ने सभी जिलों के एसपी को दो टूक शब्दों में साफ निर्देश दिया कि वैसे तमाम पुलिस कर्मियों के खिलाफ तत्काल बर्खास्तगी की कारवाई की जाए जो पुलिसकर्मी शराब पीते या फिर शराब रखते हुए पाए जाते हैं.



डीजीपी गुप्तेश्वर पांडे

डीजीपी ने स्पष्ट रूप से कहा कि ऐसे पुलिसकर्मियों पुलिस पदाधिकारियों के खिलाफ संविधान की धारा घज्ञज्ञ के तहत सीधे डिस्मिसल की कार्रवाई करें. वीडियो कान्फ्रेंसिंग द्वारा ली गई इस बैठक में डीजीपी के अलावा पुलिस मुख्यालय के एडीजी समेत विभिन्न विभागों के वरीय डीजी लेवल के अधिकारी मौजूद थे.

डीजीपी ने कोरोना महामारी को लेकर किए गए लाकडाउन को लेकर भी अपने अधिकारियों को आवश्यक दिशा निर्देश जारी किया. डीजीपी ने कहा कि लाक डाउन खत्म होने के बाद दूसरे राज्यों से आने वाले सभी लोगों को कोरनटाईन किया जाए इसकी भी मुकम्मल तैयारी करने को लेकर एज्त ने आदेश जारी किया है.

# इम्यून स्टिम बढाने के साथ ही रोगों का उपचार भी करती है प्याज

प्याज से परहेज करते हैं तो उसे अपने खान-पान में शामिल करें। प्याज में शुगर से लेकर कोलेस्ट्राल तक का इलाज मौजूद है ।

प्याज के बिना खाने का स्वाद अधूरा है । प्याज का इस्तेमाल न सिर्फ खाना पकाने में किया जाता है, बल्कि इसका इस्तेमाल सलाद के रूप में भी किया जाता है । खाने में कच्चा प्याज न सिर्फ आपके खाने का स्वाद बढ़ाता है, बल्कि ये आपको सेहतमंद भी बनाता है । प्याज कच्चा खाएं या पका हुआ, ये दोनों तरह से आपकी सेहत के लिए फायदेमंद होता है ।

प्याज में विटामिन सी और कैल्शियम मौजूद होता है, जो ओरल हेल्थ के लिए फायदेमंद होता है । प्याज के इस्तेमाल से आपका ब्लड शुगर नियंत्रित रहता है। प्याज में पाए जाने वाले तत्व कैंसर से बचाव में सहायक होते हैं । प्याज आपके इम्यून सिस्टम को बूस्ट करता है । इतना ही नहीं प्याज का असर आपके बालों पर भी पढ़ता है । इसके इस्तेमाल से आपके बाल लंबे हो जाते हैं । आइए जानते हैं कि कैसे प्याज आपको बीमारियों से



बचाकर सेहतमंद रखता है ।

कच्चा प्याज डाइजेशन में काफी मदद करता है । कच्चे प्याज में फाइबर की मात्रा काफी पाई जाती है, जिससे आपके पेट के अंदर चिपका हुआ खाना भी पूरी तरह डाइजेस्ट हो जाता है । कच्चा प्याज खाने से पेट की सफाई हो जाती है । ये कब्ज की शिकायत को दूर करती है । जिन लोगों को कब्ज की शिकायत है, वो रात के खाने में सलाद का इस्तेमाल करें ।

गर्मी में नाक से खून आना या नकसीर फूटने से बचाती हैं प्याज । गर्मी में लू लगने का खतरा और नकसीर फूटने का डर रहता है और आप गर्मी में कच्चा प्याज खाएंगे तो आपको इस समस्या से निजात मिलेगी ।

मसूड़ों से खून निकलता है या मसूड़ों में सूजन आती है तो कच्ची प्याज को गर्म करके मसूड़ों पर ४/५ मिनट तक लगाएं, आपको इस परेशानी से निजात मिलेगी ।

सर्दी, खांसी या गले में खराश है तो प्याज का रस आपको इस परेशानी से राहत दिलाएगी । कच्ची प्याज का रस निकाल शहद के साथ दिन में दो बार लें आप को सर्दी, खांसी और गले की खराश से राहत मिलेगी ।

कच्ची प्याज से कैंसर का उपचार, कच्ची प्यास में सल्फर की मात्रा काफी अधिक होती है, जो कैंसर सेल्स नहीं बढ़ने देती है। कच्ची प्याज खाने से कैंसर से लड़ने की क्षमता आती है और हेल्थ में भी काफी सुधार होता है ।

रक्त का तेजी से संचार,प्याज के सेवन से शरीर में रक्त तेजी से दौड़ता है । यानि अगर आप प्याज का नियमित रूप से सेवन करते हैं तो शरीर में होने वाली प्रक्रिया बहुत तेजी से होगी ।

कच्ची प्याज आपको एनीमिया से भी बचाता है। एनीमिया से पीड़ति व्यक्ति कच्चा प्याज खाए तो उसमें खून की कमी पूरी हो जाती है ।

कोलेस्ट्रा'ल को नियंत्रित करती है। कच्चा प्याज खाने से आप कोलेस्ट्राल बढ़ने की परेशानी से निजात पा सकते हैं । कच्चे प्याज में अमीनोएसिड पाया जाता है, जो खराब कोलेस्ट्राल को कम करता है और अच्छे कोलेस्ट्रोल को बढ़ाता है ।

दिल के मरीजों के लिए कच्चा प्याज बेहद फायदेमंद होता है । हाई ब्लडप्रेशर को कंट्रोल करने में कच्चा प्याज बेहद मददगार होता है ।

डायबिटीज के मरीजों के लिए कच्चा प्याज बेहद फायदेमंद होता है । कच्चा प्याज आपके शरीर में इंसुलिन पैदा करता है

# बाह्रदशी गाउंपालिका शिल

विराटनगर । झापा जिल्लाको बाह्रदशी गाउँपालिका वडा नं. ४ निवासी एक व्यक्तिलाई कोरोना संक्रमण पुष्टि भएसंगै गाउँपालिकाले थप सर्तकता अपनाउँदै गाउँपालिकालाई शिल गरेको छ ।

गाउँपालिका अध्यक्ष खड्गप्रसाद राजवंशीको अध्यक्षतामा बसेको बैठकले गाउँपालिकालाई शिल गर्ने निर्णय गरेको छ । नयाँदिल्लीस्थित निजामुद्दीनमा मुस्लिम संस्था तबलीगी जमातको हेडक्वाटरमा भएको धार्मिक सभामा सहभागी भएर घर फर्किएको ४५ दिनपछि उनमा कोरोना संक्रमणको पुष्टि भएको थियो ।

विराटनगरको कोशी अस्पतालमा गरिएको पीसीआर परीक्षणका क्रममा ५० वर्षीय उनमा कोरोना संक्रमणको पुष्टि भएसंगै गाउँमा त्रास फैलिएको छ । यो संगै झापामा कोरोना संक्रमितको संख्या दुई पुगेको छ ।

बैशाख १२ गते दमक निवासी ६२ वर्षीय पुरुषमा पनि कोरोना संक्रमण भएको पुष्टि भएको थियो । कोरोना संक्रमणको पुष्टि भएसंगै दमक नगरपालिकाले समेत उच्च सर्तकता अपनाएको छ ।

# बजेट प्रदेश सरकारलाई फिर्ता

विराटनगर । कोरोना भइरसका कारण चैत ११ गते देखि भएको लगातार लकडाउनका कारण खर्च हुन नसेकेका कारण प्रदेश नं. १ सरकारको मातहतमा रहको मन्त्रालय र निकायहरुले धमाधम बजेट प्रदेश सरकारलाई फिर्ता गर्न थालेका छन् ।

प्रदेश नं. १ सरकारले खर्च हुन नसकेको र अनुत्पादक क्षेत्रको बजेट कटौती गरेर विवरण बुझाउन निर्देशन दिएपछि मातहतका मन्त्राय र निकायहरुले धमाधम बजेट प्रदेश सरकारलाई फिर्ता गर्न थालेका छन् ।

आर्थिक मामिला तथा योजना मन्त्रालय मातहत नचएको कार्यालय र केही मन्त्रालययहरुले १ अर्व भन्दा बढी रकम प्रदेश सरकारलाई फिर्ता गरि सकेका छन् । बजेट फिर्ता गर्ने निकायहरुमा प्रदेश सभा, प्रदेश योजना आयोग, प्रदेश लोकसेवा र मुख्य मन्त्री तथा मन्त्री परिषदको कार्यालय रहेकाछन ।

त्यस वाहेक अहिले भौतिक पुर्वाधार बिकास, कृषी भूमि तथा सहकारी, उद्योग, बन, वतावरण र पर्यटन, र समाजिक बिकास मन्त्रालयले बजेट फिर्ता गर्न बांकी रहेको छ ।

कार्यक्रमहरु कटौती गरेर आएको रकम प्रदेश १ सरकारले कोरोना संक्रमण रोकथाम, नियन्त्रण तथा उपचारमा खर्च गर्ने योजना बनाएको छ ।

प्रदेश सरकारले मातहतका मन्त्रालय र निकायहरुलाई बैसाख १५सम्म खर्च हुन नसक्ने बजेट फिर्ता गराउन परिपत्र गरेको थियो ।

**धुम्रपान र मध्यपान आजै देखि त्यागौं र निरोगी रहौं ।**

## अवधी भाषामा

आव हमलोकके खातिर सचेतता, कोरोना भाइरस रोगका संक्रमणका रोकैत अपनायजायवाला सतर्कता :

- कोरोना भाइरस रोग स्वाँस प्रश्वाँसके माध्यमसे फैलेवला संक्रमण होई ।
- संक्रमित मनई खाँसत, आइ छिकत निकालइवाला थुक,ओईके माध्यमसे एक मनइसे दुसर मनइमा यी भाइरस फैलत हई ।

**यी संक्रमणसे बचैके खातिर का करैके चाही ?**

- खाँसत, छिकत, नाकमुख मुदो, और प्रयोग करैका टिसुपेपरका तुरुन्तै कुडाफेकवाला जगहमा बेगाइदिया जाई ।
- समय समयमे साबुन पानीसे हातमुह मल-मलके धोवजाय या सेनिटाइजर प्रयोग किया जाए ।
- हात नमिलाऊ, ओके जगहमा नमस्कार और रामराम करो ।

**का ना करै ?**

- जुकाम लगइ मनइसे दुर रहजाय । या अपनेका जुकाम लगा है तो और मनिमसे दुर बैठाजाय । भीडमे नजावजाय, औका नजावजाय बताबजाय ।

**और धयान देव परैवाला बात :**

- बोखार आवत, खाँसी लागत, स्वाँस लेबे तकलिफ होत नेहरेरहा स्वास्थ्य केन्द्रमे इहियन सम्पर्क करावजाय ।
- कोरोना भाइरस रोगके बारेम और जानकारीके खातिर पैसा नपरेवाला हटलाईन टेलिफोन नं. ११५५ मा फोन करजाय ।
- न परिसान हुआजाय, लेकिन होसियार रहजाय ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रशारण विभाग